संघीय संसद

# राष्ट्रिय सभा

## दिगो विकास तथा सुशासन समिति

मिति :२०७७/०३/१६

बैठक संख्या : ६२

**निर्णयहरु -**

१.दिगो विकास तथा सुशासन सम्बन्धमा योजना, कार्यान्वयन, अनुगमन एवं नियमन गर्ने निकायका प्रतिनिधिहरु योजना आयोगका उपाध्यक्ष माननीय डा. पुष्पराज कडेल, महालेखा परीक्षक मा. टंकमणी शर्मा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी, महालेखा नियन्त्रक श्री गोपीनाथ मैनालीबाट दिगो विकास तथा सुशासन कार्यान्वयन सम्बन्धमा क्षेत्रगत जानाकारीहरु प्राप्त भयो ।

२.समितिका माननीय सदस्यहरुले सफेद भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती र वित्तीय अनुशासन कायम गर्ने दिशामा सरोकारवाला निकायलाई सक्रिय हुन निर्देश गर्नुभयो ।

३.कोभिड-१९ पछिको प्रभाव र दिगो विकास लक्ष्य कार्यान्वयनको सन्दर्भमा सर्वपक्षीय समन्वय, एकता एवं अनुगमन र निर्देशन गर्ने विषयमा छलफल गरियो ।

४.दिगो विकास र सुशासनको सम्बन्धमा प्राप्त जानकारीको आधारमा प्रतिवेदन बनाउन समिति सचिवलाई निर्देश गर्नको साथै आवश्यकता महशुस भएमा सम्बन्धीत निकायलाई निर्देशन दिने सम्बन्धमा समेत निर्णय गरियो ।

५.दिगो विकासको निम्ति शान्तिपूर्ण र समाबेशी समाजको प्रवर्धन गर्ने ,न्यायमा सबैका पहुँच सुनिश्चित गर्ने ,सबै तहहरुमा प्रभावकारी र जवाफदेहि एवं समाबेशी संस्थाहरुको स्थापना गर्ने जस्ता सुशासनका विशेषताहरुप्रति छलफल भइ सहमत भएअनुशार भ्रष्टाचार र शासनसंग जोडिएका विषयमा सरकारलाई थप सजग हुन ध्यानाकर्षण गराउने निर्णय गरियो ।

६.वित्तिय सुशासन कायम गर्ने र गराउने सन्दर्भमा महालेखापरीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयले गरेको बाहय र आन्तरिक लेखापरीक्षणका सन्दर्भमा प्रतिवेदनमा दिइएका सुझावहरु यथाशीघ्र कार्यान्वयन गराउन नेपाल सरकारलाई निर्देशन दिने निर्णय गरियो ।

७. दिगो विकासका लक्ष्यहरु भ्रष्टाचार नियन्त्रण र वित्तिय सुशासनसंग अन्तर्निहित हुनेहुदा दिगो विकास लक्ष्यसंग सम्बन्धित सूचकहरुको एस.डी.जी. अडिटमा बिशेष चासो भएकाले सो को प्रभावकारीताको लागि सम्बन्धित निकायलाइ सुझाव दिने निर्णय गरियो ।

८.दिगो विकास र सुशासन प्रवर्धनको सवालमा सम्बन्धित नियमन गर्ने निकायहरु र कार्यान्वयन गर्ने निकायहरुसंग यस समितिले समय समयमा छलफल ,अन्तरक्रिया र बैठकहरु बस्नुको साथै आवश्यकता अनुशार अनुगमन गरिनु पर्ने र यसको प्रभावकारिताको लागि सबैसंग समन्वयात्मक एकतामा जोडदिने निर्णय गरियो ।

९.समितिको अर्को बैठक सूचना जारी गरेपछि बस्ने गरि आजको बैठक स्थगित गरियो ।